**दोश्रो चरण निर्वाचनको मतगणनापछि भएका घटना**
विश्लेषण अद्यावधि – १०
अवधि: असार २८-साउन १८, २०७४
प्रकाशित: साउन २४

असार १४ मा भएको दोश्रो चरण निर्वाचनको मतगणना असार २७ मा सम्पन्न भए पश्चात् नेपाल मोनिटरको तथ्याङ्कअनुसार असार २८ देखि साउन १८ को अवधिमा निर्वाचनसम्बन्धी एक घटना घट्यो । फागुन ९, २०७३ मा स्थानीय निर्वाचन घोषणा भएपछिको अवधिहरूमा निर्वाचनसम्बन्धी रेकर्ड गरिएका घटनाहरुमध्ये, यो सबैभन्दा न्यून घटना संख्या हो । स्थानीय तह पुनर्संरचनाप्रति असहमति जाहेर गरिएको थप एउटा घटना यस अवधिमा रेकर्ड गरियो । तेश्रो चरण निर्वाचनमा अझै पाँच हप्ताभन्दा बढी समय बाँकी रहेको अवस्थामा राजनीतिक दलहरूले गतिविधि नगरेको हुनाले यस अवधिमा निर्वाचनसम्बन्धी घटनामा उल्लेखनीय कमी आएको हुन सक्छ ।[1]

असार २३ मा राष्ट्रिय जनता पार्टी नेपाल (राजपा) ले निर्वाचन आयोगमा विधिवत् दलको रूपमा दर्ता गरेता पनि निर्वाचनमा उक्त दलले भाग लिनको निम्ति संविधान संशोधनको अडानलाई जारी नै राखेको छ । सत्तारूढ दलहरू र राजपाबीच अनेकौं चरणको वार्ता भएता पनि साउन १८ सम्म उनीहरूबीच कुनै सम्झौता भएको छैन ।

पहिलो र दोश्रो चरणको निर्वाचन अवधिमा उल्लेखनीय सङ्ख्यामा घटना घटेको रेकर्ड गरिएको थियो । निर्वाचनको मिति नजिकिदै जाँदा चुनावको पक्ष र विपक्षमा अभियान सुरु हुन थालेपछि प्रदेश २ मा निर्वाचनसम्बन्धी घटना बढ्ने अनुमान गर्न सकिन्छ ।

घटनाहरूको विवरण:

<u>निर्वाचनसम्बन्धी घटना</u>

- साउन २ मा प्यूठानको प्यूठान नगरपालिकाको जुम्रीकाँडामा निर्वाचनसम्बन्धी विषयमा विवाद हुँदा नेपाल कम्युनिस्ट पार्टी - एकीकृत माार्क्सवादी लेनिनवादी (नेकपा-एमाले) कार्यकर्ताहरूले एकजना नेपाल कम्युनिस्ट पार्टी - माओवादी केन्द्र

[1] तेश्रो चरणको स्थानीय निर्वाचन प्रदेश २ मा असोज २, २०७४ मा आयोजना हुने भएको छ । उम्मेदवारी दर्ता भदौ २१ मा हुने तालिका रहेको छ ।

(माओवादी केन्द्र) कार्यकर्ता माथि आक्रमण गरे । नेकपा-एमालेले जिल्लामा बाहुबलीहरूलाई संरक्षण गरेको आरोप लगाउँदै र त्यसको भर्त्सना गर्दै माओवादी केन्द्रको भातृ सङ्गठन यङ्ग कम्युनिस्ट लिग (वाइसीएल) ले प्रेस विज्ञप्ति जारी गऱ्यो ।

स्थानीय तह पुनर्संरचनासम्बन्धी घटना

- साउन ११ मा डोल्पाको मुदकेचुला गाउँपालिकाको नार्कुका असन्तुष्ट नागरिकहरूले राजीकुम्दामा रहेको स्वास्थ्य केन्द्रमा तोडफोड गरे । गाउँपालिकाको केन्द्र नीलदहको सट्टा नार्कुलाई बनाउनुपर्ने उनीहरूको माग थियो । तोडफोड भइरहेको बेला स्वास्थ्य केन्द्रमा रहेकामध्ये तीनजना घाइते हुनुका साथै केन्द्रका झ्यालहरू पनि फुटे।

*नोटः घटनाहरुको नक्शा तल छ ।*

****

*यो प्रतिवेदन डेमोक्रेसी रिसोर्स सेन्टर नेपाल (डिआरसीएन) र शान्तिका लागि साझा अभियान (कोक्याप)/नेपाल मोनिटरले आउँदो निर्वाचनहरुको अवधिभर प्रकाशन गर्ने आवधिक विश्लेषण अद्यावधि शृङ्खलाको दशौँ संस्करण हो । यस परियोजनाले द एशिया फाउन्डेशन र द कार्टर सेन्टरबाट आर्थिक र प्राविधिक सहायता प्राप्त गरेको छ ।*

# स्थानीय निर्वाचनको सेरोफेरोमा घटेका घटनाहरु, असार २८ - श्रावण १८

